नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

मितिः २०७९/०४/३०

# प्रेस विज्ञप्ती

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको विदेशी विनिमय अपचलनसम्बन्धी मुद्दा काठमाडौं जिल्ला अदालतमा मिति २०७९/०४/२३ मा दायर गरिएको ।

## १. अभियुक्तको विवरणः

- BASHIR BUTT को नाति TARIQ BASHIR BUTT को छोरा वर्ष ३३ को HOUSE#129,AREA MET2 MUGHALPURA LAHORE पाकिस्तान बस्ने सम्पर्क नं. +00923220000467 राहदानी नं. AJ1469133 भएको पाकिस्तानी नागरिक HAFIZ ATTIQUE-UR-REHMAN ।

## २. कसूरको संक्षिप्त विवरणः

मिति २०७८।१०।१४ गते अन्दाजी १७:३० बजे फ्लाई दुवाईको उडान नं FZ576 द्वारा काठमाडौंबाट दुवाई जान लागेका यात्रु पाकिस्तानी नागरिक वर्ष ३३ को राहदानी नं. AJ1469133 वाहक HAFIZ ATTIQUE-UR-REHMAN को चेकजाँच गर्ने क्रममा साउदी रियाल ५००।- दरको थान ९४ (चौहानब्बे), १००।- दरको थान १(एक), ५०।- दरको थान १(एक) ले जम्मा साउदी रियाल ४७१५०/- (सङ्चालिस हजार एक सय पचास मात्र), UAE Dirham२००।- दरको थान २(दुई) ले जम्मा UAE Dirham ४००।- (चार सय), Omani Rial५।- दरको थान १(एक),१/२ दरको थान १(एक) र १०० Baisa दरको थान ३ (तीन) ले जम्मा Omani Rial५.५।- र ३०० Baisa (i.e 1000 baisa= 1 rial) र भारतीय रुपैया १०० दरको थान-१ (एक) लुकाई छिपाई अवैध रुपमा बाहिरी मुलुकतर्फ लैजान लागेको अवस्थामा फेला परेकोले आवश्यक अनुसन्धान पुरा गरी काठमाण्डौ जिल्ला अदालतमा निम्ननुसारको विगो कायम गरी अभियोग दर्ता गरियो ।

## ३. कायम भएको बिगो र सजायको मागदावीः

- प्रतिवादीले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३(१), ४(१), ५, तथा १२ विपरितको कसूर अपराध गरेको हुँदा निज प्रतिवादीहरू उपर सोही ऐनको दफा १७(१) अनुसार जरिवाना हुन तथा सोही ऐनको दफा १७(१) बमोजिम बरामदीत रु. ९,२६,४९१।९४ (अक्षरूपी नौ लाख छब्बिस हजार चार सय एकानब्बे रुपैया चौरानब्बे पैसा मात्र) जफत गरी पाउन मागदावी लिई अभियोगपत्र दायर गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**